म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८


बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ३३१ २०८१ कार्तिक २३ गते शुक्रबार 8 November 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




## मुख्यमन्त्री लामाको एक सय दिने रिपोर्ट कार्ड

# मन्त्रीपरिषद्बाट ३४ निर्णय

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा नेतृत्वको सरकारले एक सय दिनको कार्य अवधि पुरा गरेको छ। प्रदेश सरकारको यस अवधिमा महत्वपूर्ण निर्णय तथा योजनाहरु कार्यान्वयन हुन सकेको देखिँदैन। मुख्यमन्त्री लामाको एक सय दिनको रिपोर्ट कार्ड औपचारिकतामा मात्र सीमित भएको देखिन्छ। मुख्यमन्त्री लामाले उक्त अवधिमा कानुन निर्माण तथा नीतिगत सुधारमा पनि खासै उपलब्धी देखिँदैन। मुख्यमन्त्री लामाको एक सय दिनको अवधिमा ७ वटा मन्त्रिपरिषद्का बैठक सञ्चालन भई ३४ निर्णय गरिएको छ भने प्रदेशसभबाट ३ ऐन र ७ सूचना जारी भई प्रदेश राजपत्रमा प्रकाशन गरिएको छ।

सो अवधिमा विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन २०८१, प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन २०८१, प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन २०८१ जारी भएको छ भने 'सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि' दीर्घकालीन सोचसहितको प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयनका लागि अघि बढाइएको छ। सो अवधिमा प्रदेश तथा स्थानीय तहहरुमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको ५४ हजार ९४३ थान सम्पत्ति विवरणको अभिलेखवद्ध गरिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेटौंडाले तयार गरेको मुख्मयन्त्री लामाको एक सय दिनको अवधिको उपलब्धी प्रतिवेदन अनुसार प्रदेश किताबखाना (निजामती) ले ९८ जना कर्मचारीको वैयक्तिक विवरण दर्ता र १५० कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक गरिएको छ।

सो अवधिमा प्रदेश मन्त्रिपरिषद्को बैठकलाई सूचना प्रविधिमा आधारित बनाउन ई-क्याविनेट प्रणालीलाई परीक्षणको रुपमा सुरुवात गरिएको छ। मुख्मयन्त्री लामाको एक सय दिनको उपलब्धीहरुमा प्रदेश नीति तथा योजना आयोगमा उपाध्यक्ष डा. गंगादत्त नेपाल र सदस्यद्वय डा. दिपेन्द्र श्रेष्ठ र गुणराज मुक्तानको नियुक्ति, प्रदेश लोकसेवा आयोगको अध्यक्ष पदमा महेश्वर श्रेष्ठको नियुक्ति रहेको छ। सो अवधिमा सरकार विरुद्ध विभिन्न अदालतमा दायर भएका १७० मुद्दाहरुमध्ये ९५ प्रतिशत मुद्दामा अन्तरिम आदेश जारी नहुने भनी आदेश भएको मुख्मयन्त्री लामाको १०० दिनको उपलब्धीमा उल्लेख छ।

मुख्यमन्त्री लामाको एक सय दिनको अवधिमा पूर्वाधार विकासतर्फ १३ किलोमिटर कालोपत्रे गरिएको छ भने ११ किलोमिटर ढलान सडक, २२ किलोमिटर सडक ग्राभेल, २७ किलोमिटर सडकको नयाँ ट्रयाक खोल्ने कार्य भएको छ। सो अवधिमा ४ वटा सडक पुल र १ वटा झोलुंगे पुल, ३ वटा सामुदायिक भवनको निर्माण कार्य सम्पन्न भएको छ।

उक्त अवधिमा रुग्ण आयोजनाहरुको पहिचान, व्यवस्थापन तथा सहजीकरण गर्नका लागि समिति गठन गरी ५५ ओटा रुग्ण योजनाहरु पहिचान गरिएको छ। पहिचान गरिएका ५५ मध्ये यस अवधिमा २ वटा योजना सम्पन्न गरिएको छ भने २५ वटा योजनाहरुको निर्माण कार्य संचालन गरिएको छ। गत असोज ११ गतेदेखि १३ गतेको अविरल वर्षाको कारणले आएको बाढी, पहिरो तथा डुवानको कारणले क्षतिग्रस्त सडकहरु चाडपर्व लक्षित गरी संचालनमा ल्याइएको छ। प्रदेश सरकारको प्रशासनिक भवन निर्माण योजनाको जग्गा प्राप्ति गर्ने प्रक्रियाका लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिस गरिएको छ।

सो अवधिमा बागमती प्रदेश विश्वविद्यालयको कार्य प्रारम्भ गरिएको छ। विश्वविद्यालयको उपाध्यक्ष नियुक्ति र विश्वविद्यालयको अस्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ। प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को कार्यालय स्थापना र सञ्चालन गरिएको छ भने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रदेश प्रोफाइल विकास कार्य सुरु गरिएको छ। उक्त एक सय दिनको अवधिमा विद्यालय बस सञ्चालन गर्न छनोट भएका २७ विद्यालयहरुसँग सम्झौता गरिएको छ भने १९ नमूना विद्यालयहरुलाई कार्यक्रम कार्यान्वयन गर्न, आवासीय विद्यालय सञ्चालन भएका ५ सामुदायिक विद्यालयसँग सम्झौता गरिएको छ। एक विद्यालय एक नर्स कार्यक्रम प्रदेशका स्थानीय तहका ३२९ वटा सामुदायिक माध्यमिक विद्यालयमा विस्तार गरिएको छ।

सो अवधिमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति र रजिष्ट्रारको नियुक्ति गरिएको छ। प्रदेशका विभिन्न अस्पताल तथा स्थानीय तहमा प्रशामक सेवाको विकास र विस्तार गर्नका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ। क्यान्सर रोगको उपचार सहुलियतका लागि १८ वटा अस्पतालहरु र हृदयघात रोगको उपचार सहुलियतका लागि भरतपुर अस्पताल, चितवन, मनमोहन कार्डियो थोरासिक भास्कुलर एण्ड ट्रान्स्प्लान्ट सेन्टर, काठमाडौं र सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, काठमाडौंसँग सम्झौता गरी कार्यान्वयन भइरहेको छ।

गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशूल्क हवाई उद्दार सेवा सम्बन्धी कार्यविधि, २०८० अनुसार विपद् प्रभावित स्थानीय तहबाट २ जना गर्भवती महिलाहरुको हवाई उद्दार गरिएको छ। प्रदेश सरकारको आयुर्वेद औषधि उत्पादन केन्द्रबाट अश्वगन्धा चूर्ण, सितोपलादि चूर्ण, आमलकि चूर्ण, अविपत्तिकर चूर्ण, त्रिफला चूर्ण, निम्वादि चूर्ण, विल्वादि चूर्ण गरी ७ प्रकारका औषधिहरुको उत्पादन सुरु गरिएको छ।

वित्तीय संघीयता अन्तर्गत पहिलो किस्ता वापत असोज मसान्तसम्म वित्तीय समानीकरण अनुदान ३९ करोड ४५ लाख रुपैयाँ, समपूरक अनुदान २४ करोड ८० लाख रुपैयाँ, विशेष अनुदान १६ करोड ३७ लाख रुपैयाँ र सशर्त अनुदान ४१ करोड १८ लाख रुपैयाँ निकासा गरिएको छ। नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन गर्न प्रतिपालिका १ करोड रुपैयाँ बराबरको अनुदान निकासा गरिएको छ। सो अवधमा ६ अर्ब ८६ करोड रुपैयाँ राजस्व संकलन भएको छ। जुन कुल अनुमानको १०.६३ प्रतिशत हो। राजस्व बाँडफाँड र अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धमा चितवन, धादिङ, सिन्धुली, रामेछाप र दोलखा गरी ५ जिल्लाका स्थानीय तहहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ।

कृषि विकासतर्फ एक वडा एक कृषि उत्पादन कार्यक्रमअन्तर्गत ५ वर्षसम्म सञ्चालन हुने गरी ५० वटा वडाहरुमा संचालनको क्रममा रहेको छ भने थप २५ वटा वडा छनौट प्रक्रियामा रहेको छ। हेटौंडा-११ मा निर्माणाधिन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य अन्तिम चरणमा रहेको र सञ्चालन कार्यविधि तयार भइरहेको छ।

सो अवधिमा चितवनमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण कार्य ९२ प्रतिशत सम्पन्न गरिएको छ। प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधीन शीत भण्डारहरुको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको छ भने रसुवा, दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलीको मुलकोट र रामेछापको मन्थलीमा परीक्षण सफल भएको छ। विपद्बाट क्षति पुगेका ७५ जना किसानलाई १ करोड १६ लाख ९३ हजार रुपैयाँ राहत रकम उपलब्ध गरिएको छ। उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिँदै २० करोड बजेट स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी पठाइएको छ।

आन्तरिक मामिला, शान्ति सुरक्षा, सञ्चार तथा विपद् व्यवस्थापन तर्फ प्रदेशसभा सचिवालयको संसदीय दलको कार्य सञ्चालनमा सहजीकरण गर्न कुल ९ जना, प्रदेशसभाको बैठकलाई सरकारी कामकाजको तामाङ र नेपाल भाषामा अनुवाद गर्नका लागि १/१ अनुवादकको अस्थायी दरबन्दी स्वीकृत गरिएको छ। एक सय दिनको अवधिमा प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम राहत वितरण गर्न काभ्रेलाई ६० लाख रुपैयाँ, ललितपुरलाई ३० लाख रुपैयाँ, काठमाडौं र सिन्धुपाल्चोकलाई २०/२० लाख रुपैयाँ र दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, भक्तपुर जिल्लालाई १०/१० लाख रुपैयाँ रकम निकास गरिएको छ। प्रदेशका १३ वटा जिल्ला विपद् व्यवस्थापन कोषमा खोज, उद्दार र प्रतिकार्यसँग सम्बन्धित ईन्धन लगायत तोकिएका अत्यावश्यक कार्य गर्न ५/५ लाख रुपैयाँ प्रदान गरिएको छ। विपद् संकटग्रस्त स्थानीय तह र अन्य जोखिमयुक्त ४५ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल ५ करोड ८० लाख रुपैयाँ रकम प्रदान गरिएको छ।

विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका कुल ९ वटा र अन्य ३ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा कुल १ करोड २० लाख प्रदान गर्ने निर्णय गरिएको मुख्मयन्त्री लामाको एक सय दिनको उपलब्धीमा उल्लेख छ। सो अवधिमा प्रदेश लगानी बोर्ड स्थापना, भूमि बैंक स्थापना लगायतका कार्यहरु अगाडी बढाउन नीतिगत आधार तयारी गरिएको छ। सो अवधिमा संस्कृति, पर्यटन तथा सहकारीका क्षेत्रबाट १ करोड ५ लाख ७५ हजार रुपैयाँ राजश्व संकलन गरिएको छ। सहकारी सम्बन्धी प्राप्त उजुरीका आधारमा १५ सहकारीहरु माथि छानविन र आवश्यक कारवाहीका लागि नेपाल प्रहरीमा पठाइएको छ भने एउटा सहकारीलाई समस्याग्रस्त सहकारीको रुपमा घोषणा गरिएको छ।

श्रम, रोजगार तथा यातायाततर्फ प्रदेश सरकारको आफ्नै इलेक्ट्रिक ड्राइभिङ लाइसेन्स प्रणाली विकास गरी सञ्चालनको अन्तिम चरणमा रहेको मुख्यमन्त्री लामाको उपलब्धीमा उल्लेख छ। सवारीचालक अनुमतिपत्र सम्बन्धी अनलाईन परीक्षा प्रणालीको पाइलटिङका रुपमा यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरलाई आवश्यक उपकरण खरिद प्रक्रिया सुरु गरिएको छ।

## मन्त्री मास्केको एक सय दिन

# ५५ जिर्ण आयोजना पहिचान, १३ किलोमिटर सडक कालोपत्रे



बाढी पहिरो प्रभावित क्षेत्रमा स्थगलतरुपमै खटिनुहुँदै मन्त्री मास्के ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकार गठन भएको एक सय दिन पूरा भएको छ। कात्तिक १६ गते प्रदेश सरकार गठनको एक सय दिन पुरा भएको हो। गत साउन ९ मा गठित मुख्यमन्त्री बहादुर सिंह लामा नेतृत्वको एमाले-कांग्रेस गठबन्धनको सरकारले एक सय दिन पुरा गरेको हो। प्रदेश सरकारले साउन १२ मा पूर्णता पाएको थियो। प्रदेश सरकारको तत्कालिन १३ मन्त्रालयमा मुख्यमन्त्री लामाले १४ मन्त्री नियुक्त गरी साउन १२ मा सरकारलाई पूर्णता दिनुभएको थियो। प्रदेश सरकारमा एमालेका ६ र कांग्रेसबाट मुख्यमन्त्री लामासहित ८ मन्त्री सहभागी छन्।

एमालेबाट प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी अमन कुमार मास्केले पाउनुभएको छ। २२ अर्ब रुपैयाँ बढीको बजेट रहेको उक्त मन्त्रालयले शहरी विकास तथा भौतिक पूर्वाधारका क्षेत्रमा काम गर्दै आएको छ। मन्त्री मास्केले जिम्मेवारी सम्हाल्नु भएको एक सय दिनमा भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश सरकारले संचालन गरेको ५५ जिर्ण आयोजना पहिचान गरेको छ भने १३ किलोमिटर सडक कालोपत्रे गरिएको छ। मन्त्रीको पदबहाली गरे लगत्तै पहिलो निर्णय मार्फत् मास्केले जिर्ण आयोजना पहिचान गर्न अध्ययन समिति गठन गर्नुभएको थियो।

मन्त्री मास्केको एक सय दिनको महत्वपूर्ण उपलब्धीको रुपमा जिर्ण आयोजनाको पहिचान तथा व्यवस्थापन रहेको छ। मन्त्री मास्केको निर्णय अनुसार मन्त्रालय अन्तर्गत रहेको रुग्ण आयोजनाहरुको पहिचान, व्यवस्थापन तथा सहजीकरण गर्नका लागि १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी रुग्ण आयोजना पहिचान तथा सहजीकरण समिति गठन गरिएको थियो। उक्त समितिबाट प्राप्त प्रतिवेदनको आधारमा योजनागत रुपमा प्राथमिकता साथ कार्यस्थल भ्रमण तथा ताकेता गरी ५५ ओटा रुग्ण योजनाहरु मध्ये सो अवधिमा २ वटा योजना सम्पन्न भएका छन्। रुग्ण आयोजनाको रुपमा रहेको २५ वटा योजनाहरुमा ठप्प रहेको निर्माण कार्य सुचारु गरिएको छ भने बाँकी योजनाहरुको समेत समस्या सहजीकरणको प्रयास भइरहेको मन्त्री मास्केले जानकारी दिनुभयो।

मन्त्री मास्केको एक सय दिनको उपलब्धीको रुपमा प्रादेशिक सडकहरुमा प्राकृतिक विपद्को समयमा छिटो छरितो तथा प्रभावकारी रुपमा क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको मर्मत सुधारको कार्यका लागि आकस्मिक र तत्काल परिचालन गर्न सकिने गरी द्रूत प्रतिकार्य टोली गठन गरिएको छ। उक्त टोलीलाई परिचालन गरी मन्त्रालयले विपद् प्रभावित क्षेत्रको सडकहरु संचालनको काम गरेको थियो। मन्त्री मास्केको एक सय दिनको उपलब्धीको रुपमा असोज ११ गतेदेखि १३ गते सम्मको अविरल वर्षाको कारणले आएको बाढ़ी, पहिरो तथा डूवानको कारणले प्रदेश अन्तर्गतका मुख्य-मुख्य सडक तथा सडक पुलहरु संचालन गर्नु रहेको छ। वर्षका कारण सडक पुलहरुमा अत्यधिक क्षति पुगेर चाडपर्वको अवसरमा आवागमन ठप्प भएकाले स्रोत र साधनहरुको परिचालन गरी तत्काल मर्मत तथा सुधार, डाईभर्सन निर्माण तथा वैकल्पिक सड़कहरुको पुनर्स्थापन जस्ता कार्यहरु गरिएको छ।

जसबाट हेटौंडा-काठमाडौं जोड्ने ३ वटा मुख्य प्रादेशिक सडकहरु, अति क्षतिग्रस्त सिन्धुली, काभ्रे, रामेछाप, सिन्धुपाल्चोक लगायत अन्य जिल्लाहरुको समेत आवागमनलाई छोटो समयमा नै रुपमा सुचारु गरिएको मन्त्री मास्केले बताउनुभयो। एक सय दिनमा बागमती प्रदेश सरकारको प्रशासनिक भवन निर्माण योजनाको जग्गा प्राप्ति गर्ने प्रक्रिया अन्तर्गत उक्त आयोजनालाई 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना' निर्धारण गर्न राष्ट्रिय योजना आयोग, काठमाडौं पत्राचार गरिएको छ। सो अवधिमा प्रदेश सरकार अन्तर्गत भवन निर्माणको क्षेत्रलाई सुरक्षित, व्यवस्थित र वातावरणमैत्री बनाउन, प्रदेश सरकारको भवन नीति, २०८१ तयार गरी सहमतिको प्रक्रिया अगाडि बढाइएको छ भने प्रादेशिक शहरी नीति, २०८१ र प्रादेशिक सडक मापदण्ड २०८१ को मस्यौदा तयार भएको छ।

मानव विकास सुचाकांकमा पछाडी परेका स्थानीय तहहरुको एकीकृत पूर्वाधार विकास कार्यक्रमलाई व्यवस्थित गर्न कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ तयार गरी सहमतिका लागि पेश गरिएको छ। सो अवधिमा मन्त्रालयले १३ किलोमिटर सडक कालोपत्रे गर्नुको साथै ११ किलोमिटर सडक ढलान, २२ किलोमिटर ग्राभेल, २७ किलोमिटर नयाँ ट्रयाक खोल्ने कार्य, ४ वटा पुल र १ वटा झुलुंगे पुल, ३ वटा सामुदायिक भवनको निर्माण कार्य सम्पन्न गरिएको छ। सो अवधिमा जनता आवास कार्यक्रम मार्फत् १२ वटा आवास, चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत वस्ती विकास कार्यक्रम अन्तर्गत थप २६० वटा आवास र खरको छानो उन्मूलन कार्यक्रम अन्तर्गत थप २४७ वटा आवास निर्माणको कार्य सम्पन्न गरिएको छ।

# शिखरकोटमा नवजात शिशु फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको थाहा नगरपालिका-४, शिखरकोटमा एक नवजात शिशु फेला परेको छ। मंगलबार बेलुका ७ बजेको समयमा सार्वजनिक शौचालय नजिकै रहेको झाडीमा अन्दाजी २० दिनको जस्तो देखिने नवजात शिशु (बालक) फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

स्थानीय मार्फत जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी टोली खटिएर बच्चालाई उद्दार गरी प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा सुरक्षित राखिएको छ। बच्चा जन्माई फाल्ने झापाको लक्ष्मीपुर अर्जुनधारा नगरपालिका-६ घर भई हाल काठमाडौमा कोठा लिई बस्ने २८ वर्षीय मेनुका धिताल अधिकारीलाई थाहा नगरपालिका-४, धारापानीबाट नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# करेन्ट लागेर सेनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाँउपालिका-८, दोभानस्थित सिस्नेरी वेस क्याम्पमा कार्यरत नेपाली सेनाको करेन्ट लागेर मृत्यु भएको छ। मृत्यु हुनेमा डँडेलधुरा जिल्लाको गन्याधुरा गाउँपालिका-१ घर भएका नेपाली सेनाका लेसनायक २९ वर्षीय पदम बहादुर दियाल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

बिहीबार बिहान ९ बजेर १५ मिनेटको समयमा दोभानस्थित सडक निर्माण कार्यदल सिस्नेरी वेस क्याम्पमा ड्युटीमा रहेको समयमा सञ्चार उपकरणको पाइप गाड्ने क्रममा हाईटेन्सन विजुलीको तारमा पाईपले छुँदा करेन्ट लागेर पदमको घटनास्थलमा नै मृत्यु भएको थियो भने डँडेलधुरा जिल्लाकै अमरगढी नगरपालिका-२ का लेसनायक २९ वर्षीय विनोद केसी र पाल्पाको रामपुर नगरपालिका-६ का सिपाही २१ वर्षीय युवराज कुमाल घाइते भएका थिए। घाइते दुवै जनालाई उपचारका लागि हेलिकप्टरबाट नेपाली सेनाको अस्पताल छाउनीमा पठाइएको छ। पदमको शव पोष्टपार्टमका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगंज काठमाडौ लगिएको प्रहरीले जनाएको छ।

सम्पादकीय

# रुमलिएको प्रदेश सरकार

बागमती प्रदेशमा नयाँ सरकार गठनको एक सय दिन पुरा भएको छ । हनिमुन पिरियडको रुपमा व्याख्या गरिने एक सय दिन पुरा गरेको सरकारको नेतृत्व कांग्रेसका बहादुर सिंह लामाले गरिरहनुभएको छ । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता लामाले कांग्रेस-एमाले गठबन्धनबाट पहिलो सत्ताको नेतृत्व पाउनुभएको हो ।

अंक गणितीय रुपमा प्रदेश सरकारको नेतृत्वमा एमाले-कांग्रेसको गठबन्धन अत्यन्त मजबुद देखिन्छ । कांग्रेसका ३७ र एमालेका २७ गरी कुल ६४ प्रदेशसभा सदस्यको समर्थनमा बनेको सरकारले एक सय दिन पुरा गर्नु नै महत्वपूर्ण मानिएको छ । अस्थिर राजनीतिका बीच दुई मुख्य ठुला दलबाट समस्याको निकास निकाल्ने र देश विकासको नयाँ आयाम आउने व्याख्या पनि छ । बलियो अंक गणितसहित खडा भएको सरकारको जग भने निकै जोखिमपूर्ण रहेको देखिन्छ । संघीय सरकारमा थोरै गडबढ देखिनासाथ प्रदेश सरकारमा पनि समस्या देखिने गरेको छ । जसले प्रदेश सरकारको कामको प्रभावकारिता समेत कमजोर भएको पुष्टि गर्दछ ।

सोही पृष्ठभूमिमा खडा भएको बागमती प्रदेशको वर्तमान सरकारको एक सय दिनको उपलब्धी पनि निकै कमजोर देखिन्छ । सरकार औपचारिकतामा मात्र सीमित भएको देखिन्छ । सरकारमा रहेका विभागीय मन्त्रीहरु पनि खासै जिम्मेवार भएको देखिँदैन । मन्त्रीहरु खासै मन्त्रालयमा भेटिँदैनन् । अधिकांश मन्त्रीहरु गृह जिल्लामा नै केन्द्रीत भएर बस्ने गरेका छन् । मन्त्रालयमा उपस्थिति कमजोर हुँदा बजेट तथा कार्यक्रम कार्यान्वयन नै निकै सुस्त देखिन्छ भने नयाँ र फरक प्रकृतिको योजना कार्यान्वयन हुने अवस्था देखिन्न । मन्त्रीसहित मुख्यमन्त्री नै औपचारिक कार्यक्रम, गृह जिल्ला तथा सामान्य कार्यक्रम तथा उद्घाटन र शिलान्यासमा व्यस्त हुँदा सरकारको कार्य सम्पादन कमजोर देखिएको हो ।

प्रदेश सरकार स्थापनादेखि लामो समयसम्म कांग्रेस प्रतिपक्षमा रहेको दल हो । पछिल्ला २ वर्ष यता मात्र कांग्रेस सरकार साझेदार बनेको हो । विगत एक सय दिन अघिसम्म सरकार साझेदार बनेको दलले प्रदेशको रुपान्तरकारी कार्यक्रमहरु हालसम्म देखाउन सकेको देखिँदैन । विगतमा प्रतिपक्षमा रहँदा देखाएको गतिशीलता र सक्रियता समेत देखिन सकेको छैन । सरकारले न ठोस योजनासहित जनता भेट्न सकेको देखिन्छ । विपद्को घडीमा नागरिकलाई सहानुभूति समेत बाँड्न सकेको देखिन्न ।

सरकार विभिन्न समस्यामा रुमलिएर बसिरहेको छ । एक सय दिनको अवधिमा मुख्यमन्त्री लामाले प्रदेशलाई प्रभावकारी रुपमा अघि बढाउन ठोस योजना अघि सार्नुपर्ने थियो । तर, न त्यस्ता योजना आए । न आउने अवस्था देखिएको छ । सरकार बजेट कार्यक्रम कार्यान्वयन गरेर खर्च बढाउने प्रयत्नमा सीमित रहेको छ । नागरिक लक्षित कार्यक्रम, उत्पादन र उत्पादकत्व वृद्धि, आर्थिक समृद्धिका विषयहरु सरकारको नारा तथा भाषणमा मात्र सीमित रहेको छ । आर्थिक पारदर्शिता, सुशासनका विषय प्रदेश सरकारका लागि गफ नै बनेको छ । एक सय दिनको अवधिमा मुख्यमन्त्री लामा सरुवा बढुवामा र कर्मचारी पदस्थापनमा मात्र केन्द्रीत बनेका छन् । मन्त्री तथा कर्मचारी व्यवस्थापन विधिसम्मत हुन सकेको देखिँदैन । विभागीय मन्त्रीहरु भन्दा बलियो कर्मचारीतन्त्रका सामु सरकारले घुँडा टेक्नु शिवाय कुनै उपाय छैन । मन्त्रीले चासोको विषय पनि विविध समस्या देखाएर कर्मचारीहरु काम गर्नबाट भाग्ने गरेको देखिन्छ । विपद् प्रभावित नागरिकको समस्या, क्षतिग्रस्त भौतिक पूर्वाधारको पुन: निर्माण सुनिश्चितता अन्योलग्रस्त छ । शिक्षा र स्वास्थ्यको अवस्था दयनीय बनेको छ । नागरिकको प्रत्यक्ष सरोकारको क्षेत्रमा समेत सरकारले काम गर्न सकेको देखिँदैन । नियुक्ति मार्फत केवल आफ्ना कार्यकर्ता पाल्ने र पोस्नमा सरकार व्यस्त देखिएको छ ।

एक सय दिनमा मुख्यमन्त्री लामाले यस्ता समस्याहरु सल्टाउन सक्थे । तर, त्यसको पहल देखिएन । सरकार अघि-अघि कर्मचारी पछि-पछि दौडिरहेका छन् । न गन्तव्य र न लक्ष्य । यसले न सरकारको उपलब्धी देखिन्छ । न नागरिकले सरकारको अनुभुति नै गर्छन् । एक सय दिनको महत्वपूर्ण समयमा मुख्यमन्त्री लामाले नयाँ र वृहत् प्रकृतिका योजना निर्माण गर्न सक्नु पर्थ्यो । विकासलाई नयाँ मोड दिन विभिन्न क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्न सक्थे । बनेका आयोजना संचालनको मोडल निर्माण गर्नुपर्थ्यो । अलपत्र आयोजनाको पूर्ण सरकारको प्राथमिकतामा पर्नुपर्थ्यो । औद्योगिक उत्पादन तथा रोजगारी वृद्धि सरकारको विशेष प्राथमिकतामा पनुपर्थ्यो । तर, प्रदेश सरकारको एक सय दिनमा यस्ता विषयमा ध्यान केन्द्रीत नै हुन सकेन । सरकार कुहिरोको काग सरह रुमलिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : भोजभतेरका काममा सरिक भइने समय छ । |
| वृष | : अड्किएका कामहरु सम्पन्न हुने समय छ । |
| मिथुन | : परोपकारजन्य काममा सरिक भइने छ । |
| कर्कट | : बोलीमा संयमता अपनाउँदा राम्रो होला । |
| सिंह | : अनुशासन र संयमताको काममा पूर्णता । |
| कन्या | : धार्मिक र सामाजिक काममा सरिक भइने समय छ । |
| तुला | : सामाजिक र धार्मिक काममा सरिक भइने छ । |
| वृश्चिक | : लेखाई– पढाई मध्यमकारक रहने समय छ । |
| धनु | : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ । |
| मकर | : मित्रको सहयोगले काममा पूर्णता हुने समय छ । |
| कुम्भ | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| मीन | : धार्मिक र परोपकारजन्य काममा सरिक भइएला । |

# लौह पुरुष : गणेशमान सिंह



✍कृष्णप्रसाद भण्डारी, अधिवक्ता

### प्रारम्भिक जीवन

बिक्रम सम्बत १९७२ कार्तिक २४ तदनुसार नोभेम्बर ९-१९१५ मा यटखाँ काठमाण्डौमा पिता ज्ञानमान सिंह र माता सानुनानी श्रेष्ठ सिंहको पुत्रको रुपमा गणेशमान सिंहको जन्म भएको थियो । बाल्यकालमा उनी उदण्ड, निडर, स्वाभीमानी एवं बिद्रोही स्वभावका थिए । उनको जीवन जति संधर्षमय थियो, त्यतिनै रोचक र रोमाञ्चक पनि छ। काठमाडौको रैथाने कुलीन परिवार दरवारको काजी खलकमा जन्मिएर लाडप्यारमा हुर्किएका थिए नेपाली कांग्रेसका संथापक लौहपुरुष । उनका बुबा तथा हजुर बुबाको चाँडै निधन भएको थियो। उनले आइ.ए.सम्म अध्ययन गरेका थिए । मंगलादेवी सिंह गणेशमान सिंहकी जीवन संगिनी हुन ।

गणेशमानले सत्र बर्षको उमेरमै मुलुकी अड्डामा बहिदारको जागीर समेत खाएका थिए। त्यसैगरी काठमाडौ जेलबाट भागेपछि कलकत्तामा र पाइलट वन्ने ईच्छाबाट निर्देशित भई एयर फोर्समा भर्ना हुन लाहौर समेत पुगेका थिए तर उचाई नपुगे पछि भर्ना हुन सकेनन् । उनले सिक्कीममा कृष्णबहादुर प्रधानको छद्य नाममा टाइपिष्टको नोकरी पनि गरेका थिए।

### गणेशमान सिंहको राजनीतिक जीवन

गणेशमान सिंहले राणा शासनलाई घृणा गर्दथे । उनी भारतका महात्मा गान्धीका बिचार र भारतीय स्वतन्त्रता संग्राम तथा नेपालका शुक्रराज शास्त्रीको सामाजिक आन्दोलनबाट अत्यन्त प्रभावित थिए । गणेशमान कलकत्तामा अध्ययनरत रहँदा देखिनै उनमा राजनीतिक चेतनाको बिस्तार भएको थियो । गणेशमान सिंह वि.सं. १९९७ (सन् १९४०) मा नेपालमा गठित पहिलो राजनीतिक संगठन नेपाल प्रजापरिषदको संस्थापक सदस्य भएका थिए । वि.सं. १९९७ कार्तिक २ (१९३० अक्टोबर १८) मा पर्चा वितरण गरेको पर्चा अभियोगमा गिरफ्तार भई राजकाज मुद्दामा फाँसीको सजाय समेत भै सकेका उनलाई सर्वश्वहरण सहित आजीवन कारावासमा परिणत गरिएपछि भद्रगोल जेल चलान गरिएको थियो । कारागारमा बसेर केही नहुने महसुस गरी गणेशमान सिंह बि.सं. २००१ आषाढ ७ (तदनुसार सन् १९४४ जुन २०) मा जेलबाट फरार भए । उनी बुटवल हुँदै कलकत्ता पुगे । भारत पुगेपछि इ.सं १९४६ अक्टोबर ४ को नेपाल आव्हान पछि गणेशमान सिंहको वी.पी.सँग कलकत्तामा पहिलो भेट भएको थियो । त्यसै गरी उनको कृष्णप्रसाद भट्टराईसँग वनारसमा भेट भएको थियो। गणेशमान सिंहले महात्मा गान्धीलाई पनि २००४ भाद्र ०६ (इ.सं.१९४७ अगस्त २२) मा कलकत्तामा भेट गरेका थिए ।

गणेशमान सिंह वि.सं.२००३ (सन् १९४६) मा कृष्णबहादुर प्रधानकै नामबाट नेपाली राष्ट्रिय कांग्रेसमा प्रवेश भई पार्टीको कार्यकारी सदस्य समेत भएका थिए । उनले पार्टीको सत्याग्रह आन्दोलनमा इलाममा नेतृत्व गरेका थिए। वि.सं.२००६ साल (सन् १९४९) मा उनी झरोवर काण्डको सिलसिलामा गिरफ्तार भई भारतको मोतिहारी जेलमा पनि परेका थिए। सशस्त्र जत्था लिएर नेपाल आएका उनलाई साथीहरु पक्राउ भएपछि नेपाल छाड्नु पऱ्यो । नेपालबाट बि.सं २००६ असोज (सन् १९५०) मा भारत तर्फ फरार हुँदै गर्दा उनलाई ठोरीमा पक्राउ गरियो र सेन्ट्रल जेलमा राखियो । त्यस समयमा उनले सेन्ट्रल जेलको कठोर यातना समेत भोगे । सोही साल चैत्रमा नेपाली कांग्रेस कार्य समितिको सदस्य निर्वाचित पनि भए । बि.सं. २००७ साल फागुनमा गठित राणा कांग्रेस सरकारमा र सो सरकार बिघटन भई त्यसपछि मात्रृका प्रसाद कोइरालाको नेतृत्वमा गठन भएको सरकार तथा २०१६ मा वी.पी.को नेतृत्वमा गठन भएको पहिलो जननिर्वाचित मन्त्रीमण्डलमा पनि गणेशमान सिंह मन्त्री नियुक्त भएका थिए ।

२०१७ साल पौष १ मा राजा महेन्द्रद्वारा जननिर्वाचित सरकारलाई अपदस्थ गरी संसद बिघटन गरियो। यस घटनामा नेपाली कांग्रेसका अधिकांस नेता तथा कार्यकर्ताहरुलाई पक्राउ गरियो । यसमा गणेशमान सिंह पनि पक्राउ परे । यो पक्राउ पछि ८ बर्षसम्म सुन्दरीजल जेलमा उनले जेल जीवन व्यतित गर्नु पऱ्यो । बि.सं.२०२५ कार्तिक १४ गते जेल मुक्त भएको, एकवर्ष पछि उनी भारत निर्वासनमा गए । गणेशमान सिंह पनि २०३३ पौष १६ मा राष्ट्रिय मेलमिलापको नीति लिएर वी.पी.स्वदेश फिर्ता हुँदा सँगै स्वदेश फर्के। उनी लगायत राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्केका सवै व्यक्तिहरुलाई हवाई अड्डाबाटै पक्राउ गरियो र पुनः सुन्दरीजल जेलमा राखियो । राष्ट्रिय तथा अन्तराष्ट्रिय दवावपछि उनीहरु वि.सं. २०३५ आषाढ ४ मा जेलमुक्त भएका थिए। "निर्वासनमा बसीरहनु भनेको हामीले मन्द विष पीएर आफ्नो अस्तित्व विसर्जन गर्नु हो, मेलमिलापको नीति बोकेर स्वदेश फर्कनु भनेको राजाको टांगमुनी छिर्नु हो । यो धर्म संकटको त्यो बखतमा मैलेचाँही मेलमिलापको नीतिलाई एउटा प्रयोगको रुपमा मात्र लिएको हूँ" गणेशमान सिंहले भन्नु हुन्थ्यो। राष्ट्रिय एकता तथा मेलमिलापको



Ganesh Man Singh

नीतिको मुख्य पक्ष नेपालको परिवर्तनमा विदेशीको हात रहनु हुँदैन, राष्ट्रियता र लोकतन्त्र एक अर्काका परिपूरक हुन, राष्ट्रियता कमजोर वनाएर लोकतन्त्रको भविष्य हुँदैन, लोकतन्त्र नभई राष्ट्रियता मजबुत हुन्न भन्ने थियो। वी.पी.को स्पष्ट नीति राष्ट्रियताको सवालमा राजासँग सहकार्य र प्रजातन्त्रको मामलामा राजासंग संघर्ष थियो ।

### गणेशमान सिंह र उनले निर्वाह गरेको जिम्मेवारी

- वि.सं.२००६ चैत्र तदनुसार सन् १९५० मार्चमा नेपाली कांग्रेस कार्य समितिको सदस्य निर्वाचित ।
- २००७ फागुन ७ गते गठित राणा कांग्रेस मन्त्रीपरिषदमा उद्योग तथा बाणिज्य मन्त्री नियुक्त ।
- २००८ मार्ग १ मा गठित मात्रृकाप्रसाद कोईराला मन्त्रीपरिषदमा कृषि, पशुबिकास र भुमिसुधार मन्त्री ।
- २०१६।२।१३ मा वी.पी.कोईरालाको नेतृत्वमा गठित जन निर्वाचित कांग्रेस सरकारमा मालपोत विकास, निर्माण तथा सञ्चार र नहर मन्त्री ।
- विर्ता उन्मुलन मस्यौदा समितिका संयोजक,
- २०१३ मा मुम्बईमा र २०१४ मा नेपालको शितल निवासमा भएको अफ्रो एशियाली समाजबादी सम्मेलनमा सहभागी ।

### गणेशमानको दृष्टिकोण, त्याग र बहिर्गमन

२०३७ को जनमत संग्रहको समयमा गणेशमान सिंहले पूर्वाधार खडा नगरी जनमत संग्रहमा भागलिन नहुने दृष्टिकोण व्यक्त गरेका थिए । तर उनको सो दृष्टिकोण कार्यान्वयन भएन । पार्टीले जनमत संग्रहमा भाग लियो । तत्कालिन सरकारले जनमत संग्रहको नतिजा पञ्चायतकै पोल्टामा हाल्यो ।

यसै बीच २०३९ श्रावणमा बि.पि. कोईरालाको देहावसान भएपछि गणेशमानको नेतृत्वमा २०४२ सालमा सत्याग्रह तथा वि.सं.२०४६मा जनआन्दोलन सम्पन्न भयो । सो जनआन्दोलनकै फलस्वरुप बहुदलीय व्यवस्थाको पुनर्स्थापना पनि भयो । २०४६ सालको आन्दोलन पछि गणेशमान सिंह सर्वमान्य नेता तथा सर्बोच्च प्रजातन्त्रबादी नेता जस्ता बिशेषणबाट सम्मानित भएका थिए। २०४६ सालको आन्दोलन पछि पाएको प्रधानमन्त्री पदलाई स्वेच्छाले त्यागेर आफ्ना सहयोद्धा नेपाली कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईलाई उनले खुशीसाथ सुम्पिएका थिए । कृष्णप्रसाद भट्टराईकै नेतृत्वमा अन्तरिम मन्त्रीपरिषद गठन भएको थियो । सोही समयमा संविधान निर्माण र पहिलो संसदीय निर्वाचन समेत सम्पन्न भयो ।

गणेशमान सिंह नेपालमा प्रजातन्त्रका लागि जीवनभर अथक रुपले लागि रहे । लोकतान्त्रिक पद्धति र संस्कारका लागि पार्टी भित्र पनि संघर्ष गरे । उनले २०४८ को निर्वाचन पछि नेपाली कांग्रेसको सरकार गठन भएपछि राजनीतिक नियुक्तिहरुमा सन्तुलित, समानुपातिक र समावेशी व्यवहार अपनाउने र चुनावमा पराजित भएकालाई लाभको पदमा नल्याउने प्रस्ताव राखे। उनले उठाएका प्रश्नहरु प्रजातन्त्रमा सवै जात जातिका, सवै लिंगका, सवै धर्मका, सवै बर्गका र सवै क्षेत्रका बासिन्दाले यो मेरो व्यवस्था हो भनि आत्मसात गर्न सक्ने वनाउन आवश्यक छ भन्ने थियो । तर उनले उठाएका कुराहरु त्यसबेलाको नेपाली कांग्रेसका सरकारबाटै लागु गरिएनन् ।

जीवनको उत्तरार्धमा नेपाली कांग्रेस भित्र आन्तरिक विग्रह सृजना भयो। सोही आन्तरिक विग्रहका कारण लोकतान्त्रिक पद्धति र संस्कारका लागि जीवनभर संधर्ष गरेका लौह पुरुष गणेशमान सिंहले मन दुखाए । फलस्वरुप असन्तुष्ट भई २०५१ भाद्र ३१ गते पार्टी परित्याग गरी उनी पार्टिबाट अलग भए । अन्तमा वि.सं २०५४ असोज २ गते उनको मृत्यु भयो।

### बिद्रत वर्गको नजरमा गणेशमान सिंहको व्यक्तित्व

१. कट्टर सिद्धान्तबादी, प्रजातन्त्रका अथक योद्धा, बरिष्ठ प्रजातन्त्रबादी नेता, प्रखर राष्ट्रबादी, महान देशभक्त, जननेता, आर्थिक क्रान्तिका पक्षधर तथा व्यवहारिक राजनेता ।

२. उहाँको बानी व्यहोरा अत्यन्त सरल थियो। साथसाथै उहाँ अत्यन्त कठोर पनि हुनु हुन्थ्यो (डेढ बर्षसम्म कसंलाई भेट्नु भएन) । आफ्नो काम आँफै गर्नु पर्छ भन्ने कुरा व्यवहारमै उतार्नु हुन्थ्यो । उहाँ अरुको दुखः देख्न नसक्ने, त्यस्तालाई सकेको सहयोग गर्ने गर्नु हुन्थ्यो । राजनीतिक सिद्धान्त र आदर्श प्रति उहाँको कडा अडान थियो । उहाँले २०४६ साल पछि आर्थिक क्रान्ती गर्नु पर्छ र समाजमा अवसर नपाएकालाई अवसर दिनुपर्छ भन्नु हुन्थ्यो । ठुलो मान्छे हुनका लागि दृढ निश्चयी हुनु पर्छ भन्ने कुरा उहाँबाट सिक्न सकिन्छ ।

३. लोकतन्त्रका जाज्वल्यमान तारा, नेपालमा लोकतान्त्रिक आन्दोलनका इतिहास निर्माता, सर्बमान्य राजनेता । साहस, वीरता र इमान्दारिबाट बनेको उहाँको जीवन आजको पुस्ताको लागि प्रेरणादायी छ ।

उनी प्रजातन्त्र बहाली र पुनर्बहालीको लागि संघर्षका हिसावले वी.पी. कोइराला भन्दा बढी अवधि संम्म समर्पित, सैद्धान्तिक हिसावले वी.पी.का कट्टर समर्थक थिए।

४. गणेशमान सिंह नसोची कहिल्यै नवोल्ने र बोली सकेपछि त्यसैमा टिक्नु हुन्थो ।

७. गणेशमान सिंहको व्यक्तित्वका आयाम : स्पष्टबादिता, निर्भिकता, साहसिक र निस्वार्थ । प्रजातन्त्र प्रति अबिचलित आस्था र विश्वास (गुण), आदर्श मूल्य मान्यतामा आधारित राजनीतिक संस्कार र सस्कृति बसाल्न समर्पित नेता, जनतालाई भरोसा गर्न र भरोसा दिलाउन जानेका कर्मयोगी नेता ।

९. नेपालको राजनीतिक एकीकरण गर्ने पृथ्वी नारायण शाह, नेपाललाई भाषागत रुपमा एकीकरण गर्ने आदिकवि भानुभक्त आचार्य र प्रजातान्त्रिक रुपले एकीकरण गर्ने महापुरुष मध्येका एक गणेशमान सिंह हुनुहुन्छ ।

१०. गणेशमान सिंहको जीवन त्यागको पर्यायबाची हो । उनको आर्थिक क्रान्ति महंगीमा राहत र रोजगारी, भष्टाचार र गरिवीको अन्त्य, दीर्घ जलस्रोतको सदुपयोग, कृषि क्षेत्रको विकास, उत्पादनमा बृद्धि र न्यायोचित वितरण ।

११. गरिव कमजोरले पनि राज्यलाई आफ्नो ठान्ने व्यवस्था स्थापित होस भन्ने ठान्थे गणेशमान । राजनीतिकर्मीहरु तुच्छ र अदूरदर्शी भएपछि जनताले सकस भोग्नु पर्छ। अहिले भोग्नु परेको गरिवी, अशान्ति र विखण्डनको कारक राजनीतिक नेतृत्वको कमजोरी नै हो ।

१२. गणेशमानको विकास मोडल समानुपातिक र समावेशी अर्थात Social Engineering (सामाजिक अभियान्त्रिकरण) थियो ।

### उपसंहार :

नेपाली कांग्रेसको आदर्श, मूल्य र मान्यता राष्ट्रियता, लोकतन्त्र र समाजबाद रही आएको तथ्य सर्वबिदित नै छ। नेपाली कांग्रेसले यीनै आदर्श, मूल्य र मान्यतामा आधारमा न्यायपूर्ण गतिशील र समतामूलक समाजको स्थापना गर्ने, नेपाललाई सभ्य, सुखी र सम्पन्न रुपमा स्थापित गर्ने प्रतिवद्धताका बिषय दस्तावेजहरुमा उल्लेख गरेको छ । बर्तमानमा एकातिर आँफूले सिन्को नभाच्ने पूर्वजहरुले गरेको कार्यको व्याजमा रमाउने प्रवृत्ति हावी भएको छ भने अर्कोतर्फ गुटबन्दीको विजारोपण नराम्रोसँग मौलाएको पाइन्छ। नेतृत्वबाट यस्तो बिग्रहलाई सम्बोधन गरी पार्टीलाई एकताबद्ध र सुसंगठित गराउनेतर्फ आबश्यक पहल गरिनु पर्ने हो। हालका नेतृत्व तहबाट त्यस प्रकारको ठोस पहल गरिएको पाइन्न । गरिएका भए के कस्ता कार्यहरु गरिए वा गरिदै वा गर्न लागिएको छ ? सो विषय जनसमक्ष स्पष्ट आउनु जरुरी छ ।

हुन त नेपाली कांग्रेस भित्र समय समयमा थरी थरीका अवसर परस्त र स्वार्थी गुट, उपगुट, समूह,उपसमूह तिव्ररुपमा सिर्जना हुने आन्तरिक विग्रहजन्य रोग साविक देखिकै हो भन्ने तथ्य कसैबाट छिपेको छैन । स्वयं गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई समेत यस्ता विग्रहको चपेटामा परेको दृष्टान्त छ । बिधानको उद्देश्य अनुसार नेपाललाई सभ्य, सुखी र सम्पन्न तुल्याउन राजनीतिक पार्टीहरुले पार्टी भित्र आन्तरिक विग्रह सिर्जना हुन दिनु हुँदैन र सिर्जना भै हाले त्यसलाई सच्याई हाल्नु पर्ने हो । तर, त्यसो नगरी केन्द्र देखि स्थानीयतहसम्म नेताहरु आआफ्नो गुट, उपगुटमा विभाजित भै यदुबंशी झैं परस्परमा कलह र तानातानमा रमाउने प्रबृत्ति हाबी छ । फलस्वरुप यो वा त्यो गुट उपगुटको चिरा ग्रामीण तहसम्मै देखिन्छ। यस्तो कथनी र करनी बीचको अन्तरको अवस्थाले अग्रजहरुले योगदानको अवमूल्यन र शुभेच्छु मतदाता प्रति बिश्वासघात समेत हुन गएको छ। यो समस्यालाई सवै तहका नेतृत्व वर्गबाट यथोचित संबोधन गरिनु पर्छ ।

र अन्त्यमा बर्तमानका कांग्रेसी नेता तथा कार्यकर्ताहरुबाट वी.पी.कोइराला, गणेशमान सिंह एवं कृष्ण प्रसाद भट्टराईको त्याग, समर्पण, आदर्श र उनीहरुको योगदानको कदर हुन नसकेको महसुस भएको छ । गणेशमान सिंहको जन्मजयन्तीका अवसरमा वर्तमानका नेतृत्व वर्गलाई अग्रजहरुको योगदानलाई कदर गर्न, उनीहरुकै आदर्श, मूल्य, मान्यता र सिद्धान्तमा आधारित उद्देश्यमूलक राजनीतिको माध्यमबाट नेपाल र नेपालीलाई सबल, सुखी र सम्पन्न तुल्याउने दिशामा अग्रसर हुने प्रेरणा मिलोस । अस्तु ।

# हेटौंडामा छठ पर्वको रौनक

समाज संवाददाता

हेटौंडाः हेटौंडामा अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ मनाइएको छ । बिहीबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिएर हेटौंडामा छठ मनाइएको हो । पछिल्लो समयमा मधेश समुदायकासँगै पहाडी मूलका हिन्दु धर्मावलम्बीहरुले पनि छठ पर्व मनाउने गरेका छन् ।

कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ मनाउने गरिन्छ । छठ पूजाका लागि हेटौंडा-१ स्थित राप्ती नदिको किनारमा ६०० फिट लम्बाईको पण्डाल निर्माण गरिएको छ । पूजा स्थलमा १५ वटा स्टलहरु रहेको जसमा निःशुल्क स्वास्थ्य शिविरको सचिवालय, पानीको व्यवस्थाका लागि स्टल, सामुदायिक प्रहरीको नागरिक सहायता कक्ष लगायत अन्य खाद्यान्न सामग्री विक्री वितरणका लागि स्टल राखिएको छ भने स-साना बालबालिकाको मनोरञ्जनका लागि जम्पिङ थ्रो, घुम्ने गाडीका लागि टिकटको व्यवस्था गरिएको थियो ।

गत वर्षको तुलनामा छठ पूजाको स्थलमा भक्तजन, दर्शालु र घुम्न आउनेहरुको घुइँचो लाग्ने अनुमान गरिएको संयुक्त मधेशी सेवा समाज जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष रविरन्जन कुमार कलवारले जानकारी दिनुभयो । यस वर्ष झण्डै १ लाखको हाराहारीमा दर्शालु र भक्तजनहरु आउने अनुमान रहेको अध्यक्ष कलवारले बताउनुभयो ।

पूजा स्थलमा आउने भक्तजनहरुको मध्यनजर गरेर जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर सुरक्षा व्यवस्थापनका लागि परिचालन गरेको उहाँको भनाई छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका ट्रफिक प्रहरीहरुसँगको समन्वयमा सडक सुरक्षा तथा यातायात व्यवस्थापन मिलाइएको छ भने निःशुल्क पार्किङ स्थलको पनि व्यवस्था गरिएको उहाँले बताउनुभयो ।












## मलेसियाले थप विदेशी श्रमिक नलिने

# मारमा नेपाली मजदुर

काठमाडौंः कुल श्रमशक्तिको १५ प्रतिशत मात्र विदेशी कामदार हुने गरी तोकेको कोटालाई मलेसियाले निरन्तरता दिएको छ । १ जुन २०२४ (१८ जेठ २०८१) देखि तोकिएको विदेशी श्रमिकको कोटालाई मलेसियाले १५ सेप्टेम्बरको समीक्षापछि पनि पुनः निरन्तरता दिएको हो । मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइलले सरकारले तोकेको भन्दा देशमा विदेशी कामदारको संख्या धेरै रहेकाले यो निर्णयलाई निरन्तरता दिइएको बताए । 'विदेशी कामदारहरूलाई काममा राख्न तोकिएको कोटा अर्को सूचना नभएसम्म जारी रहनेछ', उनले मलेसियाली सञ्चार माध्यमहरुसँग भनेका छन् ।

मलेसिया प्रमुख श्रम गन्तव्य नेपालजस्ता देशलाई यो निर्णयले अप्ठेरो परेको छ । गत जेठयता मलेसियामा नेपाली श्रमिक रोजगारीका लागि जान पाएका छैनन् । मलेसियाको अर्थ मन्त्रालयका अनुसार कुल १ करोड ७० लाख श्रमशक्तिमध्ये विदेशी कामदारलाई १५ प्रतिशतमा सीमित गर्ने नीति लिइएको छ । मलेसिया सरकारले यसअघि स्वीकृत कोटाभित्र आप्रवासी कामदार ल्याउन बाँकी कम्पनीहरूलाई मे ३१ सम्मको समय दिएको थियो । मलेसियामा अहिले २० लाखभन्दा बढी आप्रवासी कामदार रहेको अनुमान छ, त्यसमध्ये ५ लाखभन्दा बढी नेपाली नै रहेको अनुमान छ ।

नेपालको जस्तै मौसम भएका कारणले धेरै अदक्ष श्रमिकले मलेसियालाई रोज्ने गरेका थिए । रोक नलाग्दासम्म औसत मासिक ८ हजार नेपाली अहिले पनि मलेसिया पुगिरहेका थिए । नेपालको मुख्य श्रम गन्तब्यको सूचीमा मलेसिया यूएईपछि दोस्रो स्थानमा थियो । मलेसियाबाट श्रमिकको माग आउन बन्द भएपछि धेरै नेपालीले रोजगारीको गन्तव्यको विकल्प खोजिरहेका छन् । पछिल्लो समयमा युरोपेली देशमा नेपाली श्रमिकको माग बढिरहेको छ ।

यसअघि मलेसिया जाने कामदार माथि विभिन्न बहानामा थप शुल्क लगाएर ठगी गरेको भन्दै नेपाल सरकारले १२ जेठ २०७५ मा मलेसियाका लागि श्रम स्वीकृति दिन रोकेको थियो । तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले ठगी गर्नेमाथि कारबाही अभियान चलाएका थिए । ११ कात्तिक २०७५ मा मलेसिया जाँदा एक रुपैयाँ पनि शुल्क तिर्नु नपर्ने र लागेको सबै शुल्क रोजगारदाताले नै ब्यहोर्ने गरी मलेसिया सरकारसँग श्रम समझदारी भएको थियो । तर मलेसियाले पुराना भेन्डरमार्फत नयाँ कामदारको भिसा प्रक्रिया अघि बढाउन चाहेपछि समझदारीमा हस्ताक्षर भएको १० महिनासम्म रोजगारी खुलेको थिएन । यसले मलेसियाको रोजगारीमा ठूलो संकट निम्तिएको थियो ।

सरकारले २९ भदौ २०७६ मा १५ महिनापछि कामदारको हित अनुकुल हुने ग्यारेन्टी गर्दै मलेसियाको रोजगारी खुला गरेको थियो । त्यसपछि कोरोना महामारीले बिथोलिएको मलेसियाको श्रम बजारमा पछिल्ला २ वर्षमा धेरै माग सिर्जना भएको थियो । माग बढेसँगै नेपालबाट पनि ठूलो संख्यामा मलेसियामा युवाहरु रोजगारीका लागि मलेसिया पुगेका थिए । तर, फेरि विदेशी श्रमिकको कोटा तोक्ने निर्णयले मलेसियामा राम्रो अवसर पाएका श्रमिकहरु करार अवधि सकेर फर्किएपछि फेरि जान नपाउने चिन्ता बढेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङ मलेसियाले विदेशी श्रमिकको कोटा तोक्ने नीति लिएपछि नेपाली श्रमिकले सहज श्रम गन्तव्य गुमाएको बताउँछन् ।

सरकारले यसतर्फ ध्यान दिनुपर्ने भन्दै उनले मलेसियाको सम्भाव्य क्षेत्रहरुमा नेपाली श्रमिकहरुले प्राथमिकता साथ अवसर पाउनुपर्ने विषयलाई सरकारले जोडका साथ उठाउनुपर्ने बताए । 'अहिले मलेसिया बन्द छ, विकल्पमा अन्य देशमा श्रमिकहरु गइरहेका छन्', उनले भने, 'तर, सरकारले सबै ठाउँका सम्भाव्य रोजगारीका अवसर नेपालीहरुले प्राथमिकता साथ पाउने गरी पहल गर्नुपर्छ ।'

*(स्रोतः अनलाइनखबर)*

# सबै विदेशी श्रमिकलाई सञ्चय कोष सुविधा दिने मलेसियाको घोषणा

काठमाडौंः मलेसिया सरकारले सबै विदेशी कामदारलाई कर्मचारी सञ्चय कोष (इपीएफ) मा योगदान अनिवार्य गर्ने नीति बनाएको छ । यसका लागि चरणबद्ध रूपमा कार्यान्वयन गर्ने प्रस्ताव मलेसियाले आफ्नो वार्षिक बजेटमै गरेको छ । सन् २०२५ को बजेट प्रस्तुत गर्दै प्रधानमन्त्री दातुक सेरी अनवर इब्राहिमले यस्तो घोषणा गरेका थिए । उनले सबै आप्रवासी श्रमिकलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार उचित व्यवहार गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए । 'यस प्रस्तावलाई चरणबद्ध रूपमा कार्यान्वयन गरिने छ', उनले आर्थिक वर्ष २०२५ को बजेट प्रस्तुत गर्दै भनेका थिए ।

मलेसिया सरकारको यो कदमले २० लाख विदेशी कामदारहरूलाई फाइदा पुग्ने अपेक्षा छ । जसमा झण्डै ५ लाख नेपाली श्रमिक रहेको अनुमान छ । विदेशी कामदारहरुलाई ईपीएफ योगदान अनिवार्य गर्ने योजनाको अधिकारवादीहरुले स्वागत गरेका छन् । उनीहरुले यो योजना सफल बनाउन बलियो अनुगमन आवश्यक रहेको बताएका छन् । अधिकारवादी संस्था तेनागानिताका कार्यकारी निर्देशक ग्लोरेन दासले सरकारले विदेशी कामदारको सामाजिक सुरक्षामा सुधारका लागि काम गरिरहेको कुरा उत्साहजनक रहेको बताउँदै वैदेशिक कामदारको पारिश्रमिकबाट कटौतीलाई आवश्यकता अनुसार पेन्सन कोषमा पठाउने सुनिश्चित गर्न बलियो अनुगमन प्रणाली लागू गर्नु पनि उत्तिकै महत्वपूर्ण रहेको बताए ।

'हामीले सन् २००० को दशकमा नै योगदान रकम ढिलो गरी ईपीएफमा पठाइएका घटनाहरू देखेका छौं, जसले कामदारहरूको हितलाई कमजोर बनाएको छ', दासले फ्रिमलेसिया टुडेसँग भनेका छन्, 'त्यसैले, जवाफदेहिता सुनिश्चित गर्ने पारदर्शी संयन्त्रहरू स्थापना गर्नु महत्वपूर्ण छ ।' योगदान प्रक्रियाको क्रममा मात्र नभई कामदारहरूले सेवा निवृत्त हुँदा वा मलेसियाबाट फर्किंदा आफ्नो वचत फिर्ता पाउने समयमा समेत समस्या पर्न सक्ने उनीहरुको भनाइ छ ।

अधिकारवादी संस्था तेनागानिताका कार्यकारी निर्देशक दासले प्रस्तावित नीतिले श्रम अधिकार सुधारमा मलेसिया सरकारले प्रतिवद्धता बलियो बनाउने र स्वदेशी तथा विदेशी कामदारबीचको सामाजिक सुरक्षाको खाडल घटाउने पनि बताए । हाल विदेशी कामदारहरुले स्वेच्छिक रुपमा ६० वर्षमुनिका लागि ११ प्रतिशत वा बाँकीका लागि ५.५ प्रतिशत दरमा ईपीएफमामा योगदान गर्न सक्छन् । दुवै योजना अन्तर्गत रोजगारदाताहरूले मात्र पाँच रिंगेट योगदान गर्छन् ।

अर्का अधिकारकर्मी नर्थ साउथ इनिसिएटिभका कार्यकारी निर्देशक एड्रियन परेराले सरकारको प्रस्तावलाई विदेशी कामदारहरूले आफ्नो योगदान रकम प्रत्येक महिना जम्मा भइरहेको छ कि छैन भनेर हेर्न सक्ने गरी ईपीएफ खाताहरुमा अनलाइन पहुँच दिनुपर्ने बताए । 'भुक्तानी नगर्दा प्रणालीमा अलर्ट आउनुपर्छ, त्यसका लागि पर्याप्त सफ्टवेयर र प्रविधि छन्', उनले भने । परेराले विदेशी कामदारहरूलाई वित्तीय साक्षरता र सेवानिवृत्ति योजनाको महत्वलाई अझ राम्ररी बुझाउन शैक्षिक र सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए ।

मलेसियाले न्यूनतम पारिश्रमिक १ हजार ७०० रिंगेट पुऱ्याउने र विदेशी कामदारले ईपीएफमा योगदान गर्ने प्रस्ताव गरेपछि लघु तथा मझौला उद्योगी तथा व्यवसायी (एसएमईज)ले भने विरोध गरिरहेका छन् । प्लान्टेसन (वृक्षरोपण) क्षेत्रका व्यवसायीहरुले पनि सरकारको यस्तो निर्णयले आर्थिक भार थपिने भन्दै विरोध गरिरहेका छन् । मलेसियाको मन्त्रिपरिषदमा पनि यसबारे छलफल चलिरहेको छ । मलेसियाको एसएमईज एसोसिएसनले विदेशी कामदारहरूको लागि प्रस्तावित न्यूनतम पारिश्रमिक र ईपीएफ योगदान रकम एसएमईहरुले बहन गर्न नसक्नेभन्दा भन्दै चिन्ता व्यक्त गरेको छ । विशेषगरी धेरै साना व्यवसायहरु महामारीपछि अझै पुनर्उत्थान हुन नसकेकाले यस्तो अवस्था रहेको उनीहरुको तर्क छ । सरकारले अतिरिक्त सहयोग नगरे यस्ता नीतिहरू लागू भए एसएमई क्षेत्रको दिगोपन खतरामा पर्ने व्यवसायीले बताएका छन् ।

*(स्रोतः अनलाइनखबर)*

